# पेट्रोलियम पदार्थ ढुवानी विनियमावली, २०७३

## (तेस्रो संशोधन सहित)

नेपाल आयल निगम लिमिटेड
केन्द्रीय कार्यालय
बबरमहल
काठमाडौँ

## निगम संचालक समितिबाट मिति २०७३।९।८ मा स्वीकृत

| **संशोधन** | **संचालक समितिको बैठक नम्बर र निर्णयको मिति** |
|---|---|
| १) पेट्रोलियम पदार्थ ढुवानी (पहिलो संसोधन) विनियमावली, २०७३ | २१४७ औं बैठक, मिति २०७४।०१।०७ |
| १) पेट्रोलियम पदार्थ ढुवानी (दोस्रो संसोधन) विनियमावली, २०७३ | २१४९ औं बैठक, मिति २०७४।०२।०४ |
| १) पेट्रोलियम पदार्थ ढुवानी (तेस्रो संसोधन) विनियमावली, २०७३ | २१५७ औं बैठक, मिति २०७४।०४।०२ |

# नेपाल आयल निगम लिमिटेड

# पेट्रोलियम पदार्थ ढुवानी विनियमावली, २०७३

**प्रस्तावना** : सरल एवं सुरक्षित ढंगबाट पेट्रोलियम पदार्थ ढुवानीको लागि ढुवानीकर्ता नियुक्ति गर्ने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले निगमको नियमावलीको नियम २२ को उपनियम (१४) ले दिएको अधिकार प्रयोग गरी नेपाल आयल निगम लिमिटेडको सञ्चालक समितिले यो विनियमावली बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो विनियमावलीको नाम "पेट्रोलियम पदार्थ ढुवानी विनियमावली, २०७३" रहेको छ ।

(२) यो विनियमावली संचालक समितिबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा :-

(क) "निगम" भन्नाले कम्पनी ऐन बमोजिम गठित नेपाल आयल निगम लिमिटेडलाई सम्झनु पर्छ ।

(ख) "संचालक समिति" भन्नाले निगमको संचालक समिति सम्झनु पर्छ ।

(ग) "कार्यकारी प्रमुख" भन्नाले निगमको कार्यकारी निर्देशकलाई जनाउँछ ।

(घ) "पेट्रोलियम पदार्थ" भन्नाले निगमले आयात गरेको पेट्रोल, डिजल, मट्टितेल, ए.टि.एफ.,एफ.ओ.,एल.डि.ओ., जे.वि.ओ., रबर सोलभेण्ट पेट्रोल, हेक्सन, लुब्रिकेण्ट्स, लगायत निगमले कारोबार गर्न तोकिदिएका अन्य पेट्रोलियम पदार्थ ( एल.पी.ग्याँस बाहेक) समेतलाई जनाउँछ ।

(ङ) "ढुवानीकर्ता" भन्नाले निगमको पेट्रोलियम पदार्थ ढुवानी गर्ने प्रयोजनको लागि टैंक ट्रक उपलब्ध गराउने व्यक्ति, ढुवानी फर्मका प्रवन्ध निर्देशक, संचालक वा कम्पनीले तोकेको व्यक्ति वा संघ संस्था भएमा अधिकृत प्रतिनिधि समेतलाई जनाउँछ ।

(च) "ढुवानी भाडा" भन्नाले एक स्थानदेखि अर्को स्थानसम्म टैंक ट्रकबाट पेट्रोलियम पदार्थ ढुवानी गर्नको लागि निगमले समय समयमा निर्धारण गरेको भाडालाई जनाउँछ ।

(छ) "कारवाही" भन्नाले यस विनियमावली अन्तर्गत गरिने दण्ड सजाय समेतलाई जनाउँछ ।

(ज) "आर्थिक वर्ष" भन्नाले श्रावण एक गतेदेखि आषाढ मसान्तसम्मको अवधिलाई जनाउँछ ।

(झ) "टैंक ट्रक" भन्नाले निगमको पेट्रोलियम पदार्थ ढुवानी गर्ने प्रयोजनमा प्रयोग हुने टैंक ट्रक सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो विनियमावली अन्तर्गत सूचित गरिएको आदेश वा निर्देशन तथा सञ्चालक समितिले यस सम्बन्धमा समय समयमा गरेका निर्णयहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **<u>सूचना प्रकाशन गर्नु पर्नेः</u>** (१) निगमको नामबाट पैठारी गरिने पेट्रोलियम पदार्थ ढुवानी गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनीको आवेदनको लागि निगमले आवश्यकतानुसार समय समयमा ३० (तीस) दिनको म्याद दिई राष्ट्रिस्तरको दैनिक पत्रपत्रिकामा सूचना प्रकाशन गर्नेछ ।

(२) उपविनियम (१) बमोजिम प्रकाशित सूचना अनुसार इच्छुक व्यक्ति/फर्म/कम्पनीले आवेदनसाथ विनियम ४ बमोजिमको कागजात संलग्न राखी अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिम पर्न आएको आवेदन निगमको आवश्यकता भन्दा बढी संख्यामा भएमा ढुवानीकर्ताको छनौट गर्ने अधिकार निगममा रहनेछ ।

(४) उपविनियम (३) बमोजिम ढुवानीकर्ताको छनौट गर्दा निगमले देहायका आधारमा छनौट गर्नेछः

(क) व्यक्ति/फर्म/कम्पनीको लगानी गर्ने क्षमता,

(ख) सञ्चालन गर्न चाहेको क्षेत्र,

(ग) टैंक ट्रकको गुणस्तरको सुनिश्चितता,

(घ) नियमितता र निरन्तरताको प्रतिबद्धता,

(ङ) टैंक ट्रकमा लकिङ्ग प्रणाली समेत जडान भएको नया मोडेल,

(च) तोकिएको क्षेत्रमा ढुवानी गर्ने प्रतिबद्धता ।

(५) निगमको नामबाट पेट्रोलियम पदार्थ ढुवानी गर्न नियुक्त व्यक्ति/फर्म/कम्पनीसंग निगमले ढुवानी करारनामा गर्नेछ ।

(६) उपविनियम (४) बमोजिम करारनामा भएका व्यक्ति/फर्म/कम्पनीको नाममा निगमले प्रोडक्ट डेलिभरी अर्डर (पि.डि.ओ.) जारी गर्नेछ । जारी भएको पि.डि.ओ. अनुसार पेट्रोलियम पदार्थ ढुवानी गर्ने दायित्व ढुवानीकर्ताको हुनेछ ।

४.**ढुवानीकर्ताले आवेदनसाथ पेश गर्नुपर्ने कागजपत्रः** (१) ढुवानीकर्ता बन्न इच्छुक व्यक्ति/फर्म/कम्पनीले आवेदनसाथ देहायका कागजात संलग्न गर्नु पर्नेछ:-

(क) फर्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) फर्म/कम्पनीको हकमा आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) व्यक्तिको हकमा प्यान दर्ता भएको कागजको प्रतिलिपि,

(ङ) ढुवानी कार्यमा लगाउन चाहेको टैंक ट्रक संख्या तथा क्षमता, र

(च) टैंक ट्रक संचालन गर्न चाहेको क्षेत्र ।

(२) व्यक्तिको हकमा उपविनियम (१) को खण्ड (क) र (ख) बमोजिमको कागजात आवश्यक पर्ने छैन ।

(३) ढुवानीकर्ता बन्न चाहने व्यक्ति/फर्म/कम्पनीसँग न्यूनतम पाँच थान टैंक ट्रक हुनु पर्नेछ ।

तर नेपाल सरकारको स्वामित्व भएको संस्था तथा पेट्रोलियम पदार्थ ढुवानी गर्न नेपाल सरकारबाट स्वीकृति प्राप्त संघ संस्था एवम् ♠ढुवानीकर्ताको मृत्यु भएको वा अंशवण्डा भएको अवस्थामा निजको हकवाला तथा यस विनियमावली प्रारम्भ हुनु पूर्व निगमसंग संझौता गरी ढुवानी कार्य गरिरहेका ढुवानीकर्ताको हकमा यो प्रावधान लागू हुने छैन ।

(४) निगमले ढुवानीकर्ता नियुक्त गर्दा कम्पनी/फर्मलाई प्राथमिकता दिनेछ ।

(५) निगमसंग करारनामा गरी सञ्चालनमा रहेको ढुवानीकर्ताले आफूसंग रहेको टैंक ट्रक प्रचलित कानून बमोजिम विक्री गरेमा

♠ तेस्रो संशोधनबाट संशोधित ।

ढुवानीकर्तासंग भएको संझौता रद्द भएको मानिनेछ । सो प्रयोजनको लागि प्रत्येक वर्ष टैंक ट्रकको स्वामित्व प्रमाणित हुने कागजात ढुवानीकर्ताले निगम समक्ष पेश गर्नु पर्नेछ ।

तर निगमको स्वीकृतिमा प्रचलित कानून बमोजिम नामसारी गरेको व्यक्ति/फर्म/कम्पनीले पेट्रोलियम पदार्थ ढुवानी संझौताको लागि निगमसंग अनुरोध गरेमा निगमले त्यस्तो व्यक्ति/फर्म/कम्पनीसंग करारनामा गर्न सक्नेछ ।

५. **तोकेको मोडेल र क्षमता बमोजिम हुनुपर्ने** : (१) टैंक ट्रकको मोडेल निगमबाट स्वीकृत गरेको वर्षको मोडेल (ईस्वी सम्वत वा विक्रम सम्बत) बमोजिम भएको तथा टैंक ट्रकको क्षमता १२ किलोलिटर वा २० किलोलिटर वा २४ किलोलिटरको हुनुपर्नेछ ।

(२) टैंक ट्रक निर्माण गर्दा अनुसूची-२ बमोजिमको शर्तहरू ( क्राइटेरिया) पूरा गरेको हुनु पर्नेछ ।

६. **निवेदकले बुझाउनुपर्ने शुल्क** : ढुवानीकर्ता हुन देहाय बमोजिम निवेदन शुल्क बुझाउनु पर्नेछ :

(क) पाँच थानसम्म टैंक ट्रकको लागि प्रत्येक टैंक ट्रकको पन्ध्र हजार रुपैयाँ,

(ख) पाँच थान भन्दा बढी जतिसुकै टैंक ट्रक भएपनि एक लाख रुपैयाँ ।

७. **धरौटी**: (१) निगमको ढुवानीकर्तामा नियुक्त भई टैंक ट्रक बनाउन स्वीकृतिपत्र प्राप्त भएपछि बाह्र के.एल./मे.टन क्षमतासम्मको टैंक ट्रकको लागि प्रति टैंक ट्रक एक लाख रुपैयाँ तथा सो भन्दा बढी क्षमताको लागि प्रति टैंक ट्रक एक लाख पचास हजार रुपैयाका दरले धरौटी वापत निगमको धरौटी खातामा रकम जम्मा गर्नु पर्नेछ ।

८. **स्वीकृति लिनुपर्ने**: (१) निगमबाट पेट्रोलियम पदार्थ ढुवानी गर्न छनौट भएको व्यक्ति/फर्म/कम्पनीले टैंक ट्रक बनाउनु अघि निगमको स्वीकृति लिनु पर्नेछ । यस प्रयोजनका लागि छनौट भएको व्यक्ति/फर्म/कम्पनीले टैंक ट्रक बनाउन अनुसूची - ३ बमोजिमको ढाँचामा निगम समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम स्वीकृति पाएको मितिले नौ महिनाभित्र टैंक ट्रक निर्माण गरिसक्नु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिमको अवधिभित्र टैंक ट्रक बनाउन नसकेमा अवधि थपको लागि कारण जनाई निगम समक्ष निवेदन दिन सक्नेछ । यसरी दिएको निवेदनको व्यहोरा मनासिव देखिएमा निगमले वढीमा तीन महिनासम्मका लागि अवधि थप गर्न सक्नेछ ।

तर थपिएको अवधिसम्ममा पनि टैंक ट्रक बनाई सञ्चालनको लागि निगम समक्ष निवेदन पेश नगरेमा छनौट भएको त्यस्तो व्यक्ति/फर्म/कम्पनीसंग निगमले करारनामा गर्ने छैन ।

९. **करारनामा गरिनेः** (१) ढुवानीकर्ताले विनियम ८ बमोजिमको अवधिभित्र टैंक ट्रक निर्माण गरी करारनामाको लागि निगम समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम दिएको निवेदनका सम्बन्धमा निरीक्षणका लागि निगमले प्राविधिक अधिकृत कर्मचारी खटाउनेछ । यसरी खटाइएको अधिकृत कर्मचारीले टैंक ट्रक निर्माण कार्य पूरा भएको भनी निगम समक्ष प्रतिवेदन दिएमा सो प्रतिवेदनको आधारमा निगम र ढुवानीकर्ताबीच अनुसूची- ४ बमोजिम करारनामा हुनेछ ।

(३) निगम र ढुवानीकर्ता बीच हुने संझौताको म्याद एक वर्षको हुनेछ ।

(४) निगमसँग करारनामा गरी टैंक ट्रक संचालनमा आएपछि धरौटी रकम फिर्ता दिइनेछ ।

तर विनियम ८ को उपविनियम (२) र (३) बमोजिमको म्यादभित्र टैंक ट्रक बनाई ढुवानी गर्न नसकेमा ढुवानीकर्ताले राखेको धरौटी रकम जफत हुनेछ ।

♠१०. **करारनामा परिवर्तन गर्न सक्नेः** (१) देहायको अवस्थामा निम्न अनुसारको शुल्क लिई निगमले व्यक्ति/फर्म/कम्पनीसंग पेट्रोलियम पदार्थ ढुवानीको लागि अघि भएको करारनामा रद्द गरी टैंक ट्रकको स्वामित्व परिवर्तन भएको व्यक्ति/फर्म/कम्पनीसंग अनुसूची-४ बमोजिम करारनामा गर्न सक्नेछ :

---

♠ तेस्रो संशोधनबाट संशोधित ।

(क) कुनै ढुवानीकर्ताको मृत्यु वा अंशवण्डा भै स्वामित्व परिवर्तन भएमा,

(ख) निगमको ढुवानीकर्ताबाट अन्य व्यक्तिका नाममा टैंक ट्रकको स्वामित्व परिवर्तन भएमा,

(ग) निगमको कुनै ढुवानीकर्ताले आफ्नो नामको टैंक ट्रक अन्य व्यक्ति/फर्म/कम्पनीलाई स्वामित्व परिवर्तन गरी नामसारी गरिदिएमा र नामसारी भएको ढुवानीकर्तासंग विनियम ४ को उपविनियम (३) बमोजिमको संख्यामा टैंक ट्रक हुनु पर्नेछ ।

(घ) खण्ड (ख) र (ग) अनुसार करारनामा परिवर्तन गर्दा प्रति टैंकट्रकको दश हजार रुपैया लाग्नेछ ।

तर, खण्ड (क) बमोजिमको परिस्थिति सृजना भई संझौता परिवर्तन गर्नु परेमा भने कुनै शुल्क लाग्ने छैन ।

(२) उपविनियम (१) बमोजिमको करारनामा परिवर्तन गर्ने ढुवानीकर्ताले अनुसूची-६ बमोजिम निगमसमक्ष निवेदन दिनु पर्नेछ ।

११. **निगमले तोकेको पेट्रोलियम पदार्थ मात्र ढुवानी गर्नु पर्नेः** पेट्रोलियम पदार्थ ढुवानी गर्ने ढुवानीकर्ताले निगमबाट तोकिएको पेट्रोलियम पदार्थ मात्र ढुवानी गर्नु पर्नेछ ।

१२. **तोकिएको क्षेत्रमा मात्र ढुवानी गर्नु पर्नेः** (१) ढुवानीकर्ताले ढुवानी गर्ने अनुमति प्राप्त गरेको क्षेत्रमा मात्र ढुवानी गर्नु पर्नेछ ।

तर निगमले आवश्यक ठानेमा तोकिएको स्थान बाहेक अन्य स्थानमा पनि पेट्रोलियम पदार्थ ढुवानी गर्न गराउन आदेश वा निर्देशन दिन सक्नेछ । यसरी दिएको आदेश वा निर्देशन बमोजिम ढुवानीकर्ताले ढुवानी गर्नु पर्नेछ ।

(२) कुनै क्षेत्रमा ढुवानी गर्ने गरी करारनामा गरेको ढुवानीकर्ताले पेट्रोलियम पदार्थ ढुवानी गर्ने आफ्नो रुट परिवर्तन गर्न चाहेमा निगम समक्ष रुट परिवर्तन गर्न चाहेको कारण उल्लेख गरी निवेदन दिन सक्नेछ ।

(३) उपविनियम (२) बमोजिम दिएको निवेदन मनासिब देखिएमा निगमले प्रति टैंक ट्रक दश हजार रुपैया शुल्क लिई रुट परिवर्तनको अनुमति दिन सक्नेछ ।

तर एक वर्षमा एक पटक भन्दा वढी रुट परिवर्तनको अनुमति दिइने छैन ।

१३. **<u>करारनामा नवीकरण</u>**: (१) टैंक ट्रकहरूको नवीकरण गर्दा प्रचलित कानून बमोजिम लाग्ने राजस्व दस्तुर ढुवानीकर्ताले नै बुझाउनु पर्नेछ ।

(२) विनियम ९ को उप-विनियम (३) बमोजिमको करारनामाको म्याद भुक्तान हुनु पन्ध्र दिन अगावै करारनामा नवीकरणको लागि ढुवानीकर्ताले अनुसूची- ५ बमोजिमको करारनामा नवीकरण फर्म भरी निगम समक्ष निवेदन दिनु पर्नेछ ।

(३) ढुवानी करारनामा नवीकरण निवेदन दस्तुर प्रति टैंक ट्रक एक हजार रुपैयाँ लाग्नेछ । करारनामा अवधि समाप्त भएपछि नवीकरण नगराएको व्यक्ति/फर्म/कम्पनीबाट पेट्रोलियम पदार्थ ढुवानी गराइने छैन ।

(४) उपविनियम (२) बमोजिम करारनामा नवीकरण गर्दा ढुवानीकर्ताको विगतको कार्यसम्पादन, टैंक ट्रकको भौतिक अवस्था, कामको गुणस्तर तथा ढुवानीकर्तालाई यस विनियमावली बमोजिम विगतमा गरिएको कारवाही समेतलाई ध्यान दिइनेछ ।

१४. **<u>टैंक ट्रकको उपयुक्तता परीक्षण (फिटनेश टेष्ट)</u>**: (१) ढुवानीकर्ताले आफ्नो टैंक ट्रक चालु अवस्था (Good Working Condition) मा राख्नु पर्नेछ ।

(२) टैंक ट्रकको आयु बीस वर्षको मानिनेछ । सो भन्दा पुरानो टैंक ट्रकबाट निगमले पेट्रोलियम पदार्थ ढुवानी गराउने छैन । यसरी आयु समाप्त भई ढुवानीकर्तासंग विनियम ४ को उपविनियम (३) बमोजिमको संख्यामा टैंक ट्रक नभए पनि बाँकी टैंक ट्रकबाट ढुवानी गराउन कुनै वाधा पुग्ने छैन ।

♦(२क) उपविनियम (२) बमोजिम बीस वर्ष पूरा भएको ♠<u>तथा आगजनी वा दुर्घटना वा अन्य प्राविधिक कारणले सञ्चालनमा आउन नसक्ने भएमा त्यस्तो भएको मितिले पैतीस दिनभित्र टैक ट्रक प्रतिस्थापन गर्न सम्बन्धित ढुवानीकर्ताले</u> निगम समक्ष निवेदन दिएमा निगमले प्रतिस्थापन (Replacement) गर्न अनुमति दिन सक्नेछ ।

---

♦ दोस्रो संशोधनबाट थपिएको ।

♠ तेस्रो संशोधनबाट संसोधित ।

तर यो विनियम प्रारम्भ हुनु अघि बीस वर्ष पूरा भएका टैंक ट्रकको हकमा समेत यो विनियम प्रारम्भ भएको मितिले पैतीस दिनभित्र निवेदन दिएमा निगमले प्रतिस्थापन (Replacement) गर्न अनुमति दिन सक्नेछ ।

(३) ढुवानीकर्ताले आफ्नो टैंक ट्रकको उपयुक्तता परीक्षण (Fitness Test) प्रत्येक वर्ष निगम वा निगमद्वारा तोकिएको विज्ञबाट गराउनु पर्नेछ । उपयुक्तता परीक्षण (Fitness Test) मा उत्तीर्ण नहुने टैंक, ट्रकलाई उपयुक्तता परीक्षण (Fitness Test) उत्तीर्ण नहुन्जेलसम्म ढुवानी कार्यमा लगाईने छैन ।

तर उपयुक्तता परीक्षण (Fitness Test) मा उत्तीर्ण भए पनि उपविनियम (२) बमोजिमको अवधि व्यतित भईसकेका टैंक ट्रकबाट ढुवानी कार्य गराइने छैन ।

१५. **निगमको अधिकार**: पेट्रोलियम पदार्थ ढुवानीका सम्बन्धमा निगमको देहाय बमोजिमको अधिकार हुनेछ :-

(क) ढुवानीकर्ताको टैंक ट्रकमा भएको पेट्रोलियम पदार्थको परिमाण तथा गुणस्तर कुनै पनि स्थान र समयम निगमले जाँच गर्न सक्नेछ ।

(ख) ढुवानीकर्ताले पेट्रालियम पदार्थ लोड गर्दा बुझिलिएको परिमाण तथा गुणस्तर बमोजिम तोकिएको स्थान र समयमा पेट्रोलियम पदार्थ नबुझाएमा निगमको पेट्रोलियम पदार्थ गुणस्तर नियन्त्रण विनियम, २०६४ को विनियम अनुसार कारवाही हुनेछ ।

(ग) पेट्रोलियम पदार्थ ढुवानी गरेवापतको ढुवानी भाडा निगमले समय समयमा तोके बमोजिम हुनेछ ।

(घ) निगमलाई आवश्यक परेको खण्डमा संचालक समितिको स्वीकृत लिई अस्थायी ढुवानीकर्ता नियुक्त गरी तदर्थ रुपमा टैंक ट्रक संचालन गर्नरगराउन सक्नेछ ।

(ङ) निगमले ढुवानीकर्तालाई करारनामामा तोकिएको स्थान बाहेक अन्य स्थानमा पनि आवश्यकता अनुसार पेट्रोलियम पदार्थ ढुवानी गर्न गराउन आदेश वा निर्देशन दिन सक्नेछ ।

(च) पेट्रोलियम पदार्थ ढुवानी गर्ने टैंक ट्रकका एक्सप्लोसिभ फिटिङ्गसहरू दुरुस्त नभएमा त्यस्ता टैंक ट्रक ढुवानी कार्यमा लगाइने छैन ।

(छ) स्वीकृत क्षमता भन्दा वढी पेट्रोलियम पदार्थ लोड गरेमा वा डिपोभित्र पेट्रोलियम पदार्थ लोड लिई आएका टैंक ट्रक पूरै खाली नगरी वदनियतपूर्वक बाहिर फर्काइ लान खोजेमा त्यस्ता टैंक ट्रक चालक र टैंक ट्रकलाई पहिलो पटक तीन महिना ढुवानी कार्यमा बन्देज लगाउन सकिनेछ ।

(ज) टैंक ट्रकमा लोड भएको पेट्रोलियम पदार्थको परिमाण तापक्रमको फरकबाट हुने परिमाण बाहेक टैंक ट्रकमा लोड भएको परिमाणको शून्य दशमलव दुई पाँच प्रतिशत भन्दा कम फरक भएमा प्रचलित खुद्रा मूल्य अनुसार र सो भन्दा वढी फरक भएमा प्रचलित खुद्रा मूल्यको दुई गुणामूल्य ढुवानीकर्ताबाट असुल गरी सो टैंक ट्रक चालकलाई ढुवानी कार्यमा बन्देज लगाउन सकिनेछ ।

(झ) पेट्रोलियम पदार्थ ढुवानी गर्ने टैंक ट्रकमा कुनै पनि स्वीकृत मापदण्ड बाहेकका अन्य फिटिङ्गसहरू जडान गरेको भेटिएमा सो कार्यबाट निगमलाई भएको हानी नोक्सानीको दोब्बर रकम ढुवानीकर्ताबाट असुल गरिनेछ । साथै त्यस्तो टैंक ट्रक चालकलाई निगमको कुनै पनि ढुवानी कार्यमा बन्देज लगाउन सकिनेछ ।

१६. **ढुवानीकर्ताको दायित्व** : पेट्रोलियम पदार्थ ढुवानीका सम्बन्धमा ढुवानीकर्ताको देहाय बमोजिमको दायित्व हुनेछ :-

(क) टैंक ट्रकमा लोड भएको पेट्रोलियम पदार्थ निगमले तोकेको स्थानसम्म सुरक्षितसाथ ढुवानी गर्ने ।

(ख) ढुवानीकर्ताले पेट्रोलियम पदार्थ गुणस्तर नियन्त्रण विनियम, २०६४ र विक्रेता विनियमावली, २०६५ मा उल्लेख भएका प्रावधान तथा निगमको प्रचलित नियम कानूनको पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

(ग) नेपाल सरकार र निगमले समय समयमा दिएको आदेश वा निर्देशनका पालना गर्नु पर्नेछ ।

(घ) निगमले निर्धारण गरेको ढुवानी भाडामा पेट्रोलियम पदार्थ ढुवानी गर्नु पर्नेछ ।

१७. **<u>टैंक ट्रक र ढुवानीकर्ता निलम्वनमा रहने</u>**: देहायको अवस्थामा ढुवानीकर्तालाई तीन महिना निलम्वनमा राख्न सकिनेछ :-

(क) ढुवानीकर्ताले ढुवानी गर्न डिपोबाट बुझी लिएको पेट्रोलियम पदार्थको गुणस्तरमा फरक परेमा,

(ख) विनियम १६ मा उल्लेख भएको दायित्व पालना नगरेमा,

(ग) विनियम १५ को खण्ड (छ), (ज) वा (झ) बमोजिमको शर्त उल्लंघन गरेमा,

(घ) कुनै टैंक ट्रकले निगममा बुझाउनु अघि बाटोमा वा अन्य ठाउँमा पेट्रोलियम पदार्थ चोरी गर्दाकै अवस्थामा फेला परेमा,

(ङ) टैंक ट्रकबाट असम्बन्धित पदार्थ ढुवानी गरे गराएमा,

(च) विनियम ११ मा उल्लेख भए बमोजिम निगमले तोकेको भन्दा बाहेकको वस्तु ढुवानी गरे, गराएमा ।

१८. **<u>निलम्वन फुकुवा</u>**: विनियमावलीको विनियम १७ बमोजिम निलम्वनमा परेका टैंक ट्रकका ढुवानीकर्ताले निलम्वन फुकुवाको लागि प्रमाणसहित निगममा निवेदन दिएमा र सो निवेदन उपर छानविन गर्दा दोषी नदेखिएमा निगमले त्यस्तो ढुवानीकर्ताको निलम्वन फुकुवा गर्न सक्नेछ ।

१९. **<u>ढुवानीकर्ता खारेज गर्न सकिने</u>**: देहायको अवस्थामा निगमले ढुवानीकर्ता खारेज गर्न सक्नेछः

(क) निगमले दिएको आदेश, निर्देशनको पालना ढुवानीकर्ताबाट नभएमा,

(ख) निगमको पेट्रोलियम पदार्थ गुणस्तर नियन्त्रण विनियम, २०६४ र विक्रेता विनियमावली, २०६५ बमोजिम खारेज हुने भएकोमा,

(ग) अवैध कारोबार गरेको कुरा प्रमाणित भएमा,

(घ) झुठ्ठा कागजात पेश गरेको ठहरिएमा,

(ङ) दोश्रो पटक समेत विनियम १५ को खण्ड (छ), (ज) वा (झ) बमोजिमको कार्य गरेमा,

तर यसरी खारेज गर्नु पूर्व सम्बन्धित ढुवानीकर्तालाई निगमले सफाई पेश गर्न पन्ध्र दिनको समय दिनु पर्नेछ । सो अवधिभित्र सफाई पेश नगरेमा वा दिएको सफाई सन्तोषजनक नभएमा ढुवानीकर्तालाई खारेज गरिनेछ ।

२०. **निगमको निर्णय विरुद्ध उजुरी**: (१) यस विनियमावली बमाजिम निगमले गरेको कुनै काम वा निर्णय वा दिएको निर्देशनबाट मर्का पर्ने ढुवानीकर्ताले त्यस्तो काम वा निर्णय वा निर्देशन दिएको मितिले पैतीस दिनभित्र कार्यकारी निर्देशक मार्फत संचालक समिति समक्ष मर्का पर्नाको प्रमाण वा आधार उल्लेख गरी उजुरी गर्न सक्नेछ ।

(२) सञ्चालक समितिमा पेश भएको उजुरी उपर एक महिनाभित्र सञ्चालक समितिले निर्णय गरिसक्नु पर्नेछ ।

(३) उपविनियम (१) बमोजिम परेको उजुरीका सम्बन्धमा संचालक समितिको निर्णय अन्तिम हुनेछ ।

२१. **यस विनियमावलीको व्याख्या**: यस विनियमावलीको व्याख्या गर्ने अधिकार संचालक समितिमा निहित रहनेछ ।

२२. **निर्देशन दिन सक्ने**: यस विनियमावलीको उद्देश्य कार्यान्वयनको लागि समय-समयमा सञ्चालक समितिले आवश्यक निर्देशन दिन सक्नेछ ।

२३. **बाधा अड्काउ फुकाउने अधिकार**: यस विनियमावली कार्यान्वयन गर्न कुनै वाधा, अड्काउ परेमा निगम सञ्चालक समितिबाट वाधा अड्काउ फुकाईनेछ ।

२४. **खारेजी र बचाउ**: (१) टैंक ट्रकबाट पेट्रोलियम पदार्थ ढुवानी नियमावली, २०५३ खारेज गरिएको छ ।

(२) उपविनियम (१) बमोजिमको नियमावली अनुसार भए गरेका काम कारवाही यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१

(विनियम ३ को उपविनियम (२) सँग सम्बन्धित)

**ढुवानीकर्ताले दिने निवेदनपत्रको ढाँचा**

श्री नेपाल आयल निगम लि.,
केन्द्रीय कार्यालय, बबरमहल ।

विषयः- ढुवानीकर्तामा छनौट गर्ने बारे ।

निगमको टैंक ट्रकबाट पेट्रोलियम पदार्थ ढुवानी गर्ने सम्बन्धी विनियमावली, २०७३ को विनियम ३ बमोजिम प्रकाशित सूचना बमोजिम निगमको नामबाट पेट्रोलियम पदार्थ ढुवानी गर्न व्यक्ति/फर्म/कम्पनी इच्छुक भएकोले पेट्रोलियम पदार्थ ढुवानी गर्न छनौट गरी पाउँ भनी विनियमावलीको विनियम ४ मा उल्लेख भए बमोजिमको आवश्यक कागजात संलग्न गरी विनियमावली बमोजिम लाग्ने दस्तुर सहित यो निवेदन दिएको छु/छौ ।

संलग्न :

(क) फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि (फर्म वा कम्पनीको लागि मात्र),
(ख) आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि (फर्म वा कम्पनीको लागि मात्र),
(ग) नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
(घ) प्यान दर्ता प्रमाण पत्र,
(ङ) ढुवानी कार्यमका लगाउन चाहेको टैंक ट्रक संख्या तथा क्षमता,
(च) टैंक ट्रक संचालन गर्न चाहेको क्षेत्र ।

निवेदक,
व्यक्ति, फर्म वा कम्पनीको नामः-
दस्तखत :-
ठेगाना :-
मिति :-
सम्पर्क फोन नं :-

# अनुसूची-२

(विनियम ५ को उपविनियम (२) सँग सम्बन्धित)

## <u>**टैंक ट्रक बनाउँदा पूरा गर्नुपर्ने शर्तहरू** (Criteria)</u>

१. टैंक ट्रकहरूको मोडेल निगमबाट स्वीकृत प्राप्त गरेको वर्षको मोडेल ( ईस्वी सम्बत वा विक्रम सम्बत) लाई मान्यता दिनेछ,

२. जसको नाममा टैंङ्क ट्रक राख्न स्वीकृत भएको हो उसैको नाममा मात्र सम्झौता गरिनेछ,

३. अनिवार्य रुपमा सेतो रंगमा Epoxy Paint (इपिकोट) गर्नु पर्नेछ,

४. रोड परमिट हुनुपर्नेछ,

५. डिपहोल मेनहोलको बीचमा हुनु पर्नेछ,

६. वार्निङ्ग लाईट हुनु पर्नेछ,

७. मेनहोल कभर टैंङ्क ट्रकको च्याम्वरको बीचमा हुनु पर्नेछ,

८. टैङ्क ट्रकको नक्सा हुनु पर्नेछ,

९. स्वीकृत एक्सप्लोसिभ लाइसेन्स हुनु पर्नेछ,

१०. कर तिरेको वा तिर्ने प्रमाण हुनु पर्नेछ,

११. स्पार्क एरेष्टर हुनु पर्नेछ,

१२. ५ मिटर लामो अर्थिङ वायर विथ क्रोकोडाइल क्लिप हुनु पर्नेछ,

१३. डवल पोल वाईरिङ्ग हुनु पर्नेछ,

१४. सेल्फ स्टार्टर हुनु पर्नेछ,

१५. इमरजेन्सी भल्व हुनु पर्नेछ,

१६. उपयोग गर्न सकिने अग्नि नियन्त्रक यन्त्र (DCP Fire Extinguisher) हुनु पर्नेछ,

१७. लिक प्रुफ मैनी फोल्ड भल्व हुनु पर्नेछ,

१८. फ्यूजिवल प्लग हुनु पर्नेछ,

१९. मेन होल कभर हुनु पर्नेछ,

२०. रवर होज पाईप (नेउप्रेन) हुनु पर्नेछ,

२१. सवै वाइरिङ्ग फ्लोम प्रुफ हुनु पर्ने,
२२. फिल पाईप र डिप पाईप परफोरेटेड हुनु पर्नेछ,
२३. फ्यूजिवल लिंक हुनु पर्नेछ,
२४. फ्यूल टैंक गार्ड हुनु पर्नेछ,
२५. व्याट्री तथा व्याट्री टर्मिनल सुरक्षित तरवले राख्नु पर्नेछ,
२६. टैङ्क ट्रकको साथ कम्तीमा २ थान Aluminium को वाल्टिन हुनु पर्नेछ,
२७. टैङ्क ट्रक बनाउँदा चार वा पाँच चेम्वरको हुनु पर्नेछ । (टैंक ट्रक र केविनको डिजाईन तथा नाप ड्रईङ्ग बमोजिम हुनु पर्नेछ,
२८. टैंक ट्रकको बिमा भएको पोलिसी पेश गर्नु पर्नेछ,
२९. स्वीकृति प्राप्त सबै टैंक ट्रकहरू म्याद भित्र निर्माण गरी पेश गरेपछि मात्र निगमले एकै साथ करार सम्झौता गर्नेछ,
३०. टैंक ट्रकको बाहिरी भागमा निगमले उपलब्ध गराएको नमूना बमोजिम रङ्गरोगन हनु पर्नेछ,
३१. Locking System जडान भएको हुनु पर्नेछ,
३२. अन्य कुनै आधुनिक प्रविधिको विकास भएमा सो अनुसार भएको हुनुपर्नेछ,
३३. Anti Brake System (ABS) हुनपर्नेछ ।

अनुसूची-३

(विनियम ८ को उपविनियम (१) सँग सम्बन्धित)

**<u>टैंक ट्रक बनाउन स्वीकृतिको लागि दिने निवेदनको ढाँचा</u>**

श्री नेपाल आयल निगम लि.,
केन्द्रीय कार्यालय, बबरमहल ।

विषय :- <u>ढुवानीकर्तामा नियुक्ति तथा टैंङ्क ट्रक राख्ने स्वीकृति बारे ।</u>

निगमले तोकेको पेट्रोलियम पदार्थ मात्र ढुवानी गर्ने गरी पेट्रोलियम पदार्थ ढुवानी विनियमावली, २०७३ बमोजिम व्यक्ति/फर्म/कम्पनी छनौट भएकोले निगमको ढुवानीकर्तामा नियुक्त गरी सो प्रयोजनका लागि टैंक ट्रक बनाउन स्वीकृतिको लागि निम्न व्यहोरा खुलाई यो निवेदन गरेको छु/छौं :

(१) ढुवानीकर्ता बन्न चाहने व्यक्ति/फर्म/कम्पनीको नाममा यस अघि निगमको सम्झौतामा टैंक ट्रक छ/छैन ? छ भने, कति क्षमताको कति वटा छन् उल्लेख गर्ने : ..........................................

(२) ढुवानीकर्ता बन्न चाहने व्यक्ति/फर्म/कम्पनी निगमको विक्रेतामा नियुक्त भए नभएको उल्लेख गर्ने ..............................................

(३) ढुवानी गर्ने पदार्थ ............क्षमता.............कि.ली./मे.टन...........थान ..............क्षेत्र/रुट

(ढुवानीकर्ता बन्न चाहने निवेदकले ढुवानी गर्ने पदार्थ र संचालन गर्ने क्षेत्र/रुटको लागि छुट्टाछुट्टै निवेदन पेश गर्नुपर्नेछ ।)

निवेदक,

व्यक्ति/फर्म/कम्पनीको नामः-
दस्तखतः-
ठेगानाः-
मितिः-
सम्पर्क फोन नंः-

## अनुसूची - ४

(विनियम ९ को उपनविनियम (२) ♠र विनियम १० को उपविनियम (१) सँग सम्बन्धित)

## पेट्रोलियम पदार्थ ढुवानी गर्ने सम्बन्धी करारनामा (सम्झौता)

श्री नेपाल आयल निगम लिमिटेड (यस पछि यस करारनामामा निगम भनिएको) र श्री ……………… (यसपछि यस करारनामामा ढुवानीकर्ता भनिएको) बीच मिति …………………… मा नेपाल आयल निगम लिमिटेडको केन्द्रीय कार्यालय, बबरमहलमा करारनामा भएको हो । ढुवानीकर्ता (प्रवन्ध निर्देशक/संचालक/कम्पनीले तोकेको व्यक्ति वा संघ संस्था भएमा अधिकृत प्रतिनिधि) र निगमको बीच पेट्रोलियम पदार्थ सुव्यवस्थित ढंगले ढुवानी गर्नका निमित्त देहाय बमोजिमका शर्तहरू पालना गर्ने गरी यो करारनामा गरिएको छ ।

१. ढुवानीकर्ताले करारनामा भएको मितिदेखि संलग्न सूची अनुसार टैंक ट्रकहरू करारनामा अवधिसम्म आफ्नै तर्फबाट राम्रोसंग मर्मत सम्भार गरी चालू हालतमा निगमलाई उपलब्ध गराउने छ ।

२. निगमद्वारा उपलब्ध गराइएका डिजाइन वमोजिम तयार भएको टैंक ट्रक प्रत्येक ३ (तीन) बर्षमा टैंकको भित्री भाग सेतो रंगमा Epoxy Paint गर्ने र बाहिरी भाग (केविन लगायत) तोकिएको ढाँचामा पेन्टीङ्ग गर्ने व्यवस्था ढुवानीकर्ताले गर्नेछ । ढुवानीकर्ताले टैंक ट्रकको नाप (Calibration) आफ्नो खर्चमा गराइ प्रमाण-पत्र लिनेछ । निगमले चाहेको वेलामा निगमलाई नाप (Calibration) गर्न दिनु पर्नेछ । त्यसरी नियमित रंग रोगन नगर्ने टैंक ट्रकलाई नयाँ रंग रोगन नभएसम्म ढुवानी गर्ने अनुमति दिइनेछैन ।

३. टैंक ट्रकको Calibration Certificate अनुसार पेट्रोलियम पदार्थको परिमाणमा शंका लागेमा निगमले कुनै पनि समय पुनः Calibration गर्न लगाउन सक्नेछ । यसरी पुनः Calibration नाप गराउँदा फरक परेमा सोको खर्च ढुवानीकर्ताले व्यहोर्ने र Calibration नाप फरक नभएको खण्डमा निगमले व्यहोर्ने छ ।

---

♠ तेस्रो संशोधनबाट थपिएको ।

४. निगमले निर्धारित गरे अनुसारको कुनै पनि पेट्रोलियम पदार्थ ढुवानीकर्ताले थोक (Bulk) ढुवानी गर्नेछ । करारनामाको अवधिभर निगमको लिखित अनुमति विना ढुवानीकर्ताले टैंक ट्रकहरू निगम वाहेक अरुको काममा प्रयोग गर्न पाउने छैन ।

५. टैंक ट्रकबाट पेट्रोलियम पदार्थ ढुवानी गरे वापत निगमले समय समयमा निर्धारण गरे बमोजिमको ढुवानी भाडा ढुवानीकर्तालाइ दिनेछ ।

६. ढुवानीकर्ताले निगमको पेट्रोलियम पदार्थ ढुवानी गरेको भाडा भुक्तानीको लागि तोकिएको ढाँचामा विवरण फाराम भरी आवश्यक कागजात संलग्न राखी निवेदन सहित निगमको सम्वन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

७. निगमसंग करारनामा गरी पेट्रोलियम पदार्थ ढुवानी गर्न टैंक ट्रक संचालन गर्दा लाग्ने देहाय वमोजिमका सबै खर्च ढुवानीकर्ताले नै व्यहोर्नु पर्नेछ । यसमा निगमको कुनै उत्तरदायित्व हुने छैन ।

(क) ड्राइभर हेल्परहरूको मासिक तलव खुराकी सुविधा लगायत अन्य खर्चहरू,

(ख) टैंक ट्रकमा लाग्ने इन्धन खर्च,

(ग) टैंक ट्रकको मर्मत सम्भार खर्च,

(घ) टैंक ट्रकको नियमानुसार लाग्ने शुल्क,कर र नवीकरण दस्तुर आदि,

(ङ) टैंक ट्रकको बीमा तथा ड्राइभर हेल्परको बीमा खर्च,

(च) अन्य भैपरिआउने सवै खर्च ।

८. ढुवानीकर्ताले पेट्रोलियम पदार्थहरू ढुवानी गर्दा नेपाल सरकारको प्रचलित कानून, नियम तथा आदेश उल्लंघन गरे वापत कुनै दण्ड सजाय वा जरिवाना तिनु पर्ने भएमा ढुवानीकर्ताले नै व्यहोर्ने छ । पेट्रोलियम पदार्थ पैठारी गर्ने मुलुकमा टैंक ट्रक चलाउँदा ढुवानीकर्ताले पैठारी गर्ने मुलुकको एक्सप्लोसिभ (Explosive) कानून अनुसार एक्सप्लोसिभ ( Explosive) प्रमाण-पत्र हासिल गरेको हुनु पर्नेछ ।

९. कुनै पनि हानी नोक्सानी, आगलागी, चुहावट, विस्फोटन, लोडिङ्ग वा अनलोडिङ्ग गर्दा दुर्घटना भई निगमका कर्मचारी वा ढुवानीकर्ताको कर्मचारी वा अन्य कुनै तेश्रो व्यक्तिलाई चोट पटक लागेमा ढुवानीकर्ता नै निम्मेवार हुनेछ । दुर्घटनाबाट भएको चोटपटकको औषधि उपचार खर्च सबै ढुवानीकर्ताले व्यहोर्नु पर्नेछ । कुनै किसिमको लापरवाही वा उपेक्षा वा अयोग्यतापूर्ण कार्यको फलस्वरुप ढुवानीकर्ता वा निजको कर्मचारीले

निगमको सम्पत्तिको हानी नोक्सानी पुऱ्याएमा जुनसुकै वेला पनि ढुवानीकर्ता निगम प्रति उत्तरदायी हुनेछ । यसरी पुऱ्याएको हानी नोक्सानीको सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार निगममा रहनेछ । निगमले निर्धारण गरे बमोजिम हानी नोक्सानी वापतको रकम ढुवानीकर्ताले पैतीस दिनभित्र निगमलाई बुझाउनु पर्नेछ ।

१०. ढुवानीकर्ताले निगमलाई देहाय बमोजिमको भएको हानी नोक्सानीको सोधभर्ना गर्नु पर्नेछ :-

(क) ढुवानीकर्ताको कारण वा लापरवाहीले पेट्रोलियम पदार्थ नेपाल सरकार वा स्थानीय अधिकारीहरूबाट जफत भएमा जफत भए जति परिमाण वा सोको मूल्य,

(ख) प्राकृतिक प्रकोपको कारणबाट भवितव्य पर्दा वा पेट्रोलियम पदार्थहरू भर्दा वा खाली (लोड, अनलोड) गर्दा वा ढुवानी गर्दाको अवस्थामा शान्ति सुरक्षामा खलल भई नोक्सानी भएमा बीमा कम्पनीबाट असुल हुने वाहेक त्यसरी नोक्सानी भएजति परिमाण ।

११. आगजनी, भवितव्य वा असामाजिक कार्यबाट पेट्रोलियम पदार्थको हानी नोक्सानी हुन गएमा सोको प्रमाण पेश गर्ने जिम्मेवारी ढुवानीकर्ताको हुनेछ र त्यसरी पेश हुन आएको प्रमाणलाई मान्यता दिने वा नदिने सम्वन्धमा निर्णय लिने पूर्ण अधिकार निगममा रहनेछ ।

१२. पेट्रोलियम पदार्थ तोकिएको डिपो/टर्मिनल/रिफाइनरी आदिबाट लोड गरी निगमको निर्दिष्ट डिपो वा स्थानसम्म ढुवानी तथा अनलोड गर्ने सम्पूर्ण जिम्मेवारी ढुवानीकर्ताको हुनेछ । साथै निगमले तोकेको ठाउँहरूमा टैंक ट्रक भर्ने (लोड) र टैंक ट्रक खाली (अनलोड) गर्ने जिम्मेवारी ढुवानीकर्ताको हुनेछ ।

१३. ढुवानीकर्ताले ठीक नाप अनुसार तोकिएको परिमाणमा पेट्रोलियम पदार्थ टैंक ट्रकमा भरिएको छ, छैन हेर्न सक्ने क्षमता भएका योग्य मानिसहरूलाई राख्न सक्नेछ । ढुवानीकर्ताको कामदारहरूले पेट्रोलियम पदार्थ लोड/अनलोड तथा ढुवानी गर्दा लापरवाही गरी कुनै हानी नोक्सानी भएमा सो हानी नोक्सानी भएको क्षतिपूर्ति ढुवानीकर्ताले नै व्यहोर्नु पर्नेछ । ढुवानीकर्ताको कामदारहरूले निगमले तोकेको नियम र प्रचलित ऐन कानूनको पालना गर्ने गराउने निम्मेवारी ढुवानीकर्ताको हुनेछ ।

१४. चलानीमा तोकिएको परिमाण तथा गुणस्तर अनुसारको पेट्रोलियम पदार्थ सोही परिमाण तथा गुणस्तरमा तोकेको ठाउँसम्म पु¥याउने जिम्मेवारी ढुवानीकर्ता कै हुनेछ । टैङ्क ट्रकहरूमा सिल (Lock) लगाउनु भन्दा पहिले ढुवानीकर्ताको चालक वा कर्मचारीबाट टैङ्क ट्रकमा रहेको पदार्थको परिमाण तथा गुणस्तरबारे पूर्ण रुपले निश्चित हुनु पर्नेछ । सो पदार्थ पु¥याउनु पर्ने स्थानमा नापो लिँदा कम हुन गयो भने कम हुन गएको परिमाणमा तापक्रम ऱ्हासकट्टी गरी क्लेमेबल लस पेट्रोलियम पदार्थको बिक्री मूल्यको आधारमा ढुवानीकर्तालाई भुक्तानी दिंदा ढुवानी भाडाबाट कट्टी गरिनेछ ।

१५. पेट्रोलियम पदार्थ लोड भएको डिपोबाट टैंक ट्रक चलानी भएपछि निश्चित समय भित्र तोकेको ठाउँमा पेट्रोलियम पदार्थ पु¥याउने पूर्ण जिम्मेवारी ढुवानीकर्ताको हुनेछ । आफ्नो नियन्त्रण भन्दा बाहिरको कुनै खास कारण परी निश्चित स्थानमा पुग्न ढिलाई हुने यकिन भएमा ढुवानीकर्ताले टैंक ट्रकको उचित सुरक्षा गरी निगमको सम्बन्धित कार्यालयमा जानकारी गराउनु पर्नेछ ।

१६. निगमले आफ्नो राष्ट्र र जनता प्रतिको उत्तरदायित्व वहन गर्ने सिलसिलामा आवश्यक पर्ने जतिसुकै संख्यामा पनि टैंक ट्रक संचालन गर्ने,गराउनेछ तथा विभिन्न ढुवानीकर्तालाई कुनै पनि रुट (क्षेत्र) मा टैंक ट्रकबाट पेट्रोलियम पदार्थ ढुवानी गर्न करारनामा वा आदेश दिन सक्नेछ । करारनामा गर्ने काम कुनै पनि ढुवानीकर्ताको एकलौटी अधिकार मानिने छैन ।

१७. निगमले महिनै पिच्छे टैंक ट्रकलाई कति चलाइने छ भनी न्यूनतम माइलको ग्यारेन्टी दिने छैन र महिनै पिच्छै कम्तीमा कति गाडी प्रयोगमा ल्याइने छ भन्ने पनि कुनै ग्यारेन्टी दिने छैन ।

१८. कुनै पनि अतिरिक्त भाडा नतिरी ढुवानीकर्ताको खाली फर्किन लागेको टैंक ट्रकलाई निगमले आफ्नो उपयोगमा ल्याउन सक्नेछ ।

२०. निगमको सम्पत्ति एवं तेश्रो पक्षको क्षति प्रति बीमा (थर्ड पार्टी इन्स्योरेन्स) वापत ढुवानीकर्ताले आफ्नो टैंक ट्रकको बीमा कुनै प्रतिष्ठित बीमा कम्पनीद्वारा गराउनु पर्नेछ ।

२१. ढुवानीकर्ताले सवै भन्दा छोटो मार्ग नै प्रयोग गर्नु पर्नेछ । छोटो मार्ग निर्धारण भएकोमा ढुवानीकर्ताले लामो मार्ग प्रयोग गर्न पाइने छैन र

त्यसरी लामो मार्गको प्रयोग गरिएमा लोकेशन इन्चार्जको पूर्व स्वीकृति अनिवार्य हुनेछ । बाटो बन्दको कारण बाहेक अन्य कुनै कारणले पनि लामो मार्ग प्रयोग गरिएमा सबै भन्दा छोटो मार्गको आधारमा मात्र ढुवानी भाडा भुक्तानी दिइनेछ । यो प्रावधान रक्सौल काठमाडौं रुटलाई लागु हुने छैन ।

२२. नेपाल सरकार सडक विभागद्वारा दिइएको नेपाल राज्यभित्रको कुनै पनि सडकको माइलेज सर्टिफिकेटलाई नै मान्यता दिई निगमले ढुवानी भाडा निर्धारण गर्नेछ र ढुवानीकर्ताले निगमले भाडा निर्धारण गर्दा कायम रुट वमोजिम टैंक ट्रक संचालन गर्नु पर्नेछ ।

२३. ढुवानीकर्ताले सवारी सम्बन्धी सवै प्रचलित नेपाल कानूनको पालना गर्नु पर्नेछ । प्रचलित ऐन कानून बमोजिम उपलब्ध गराउनु पर्ने सबै सुविधाहरू ढुवानीकर्ताले आफ्नो कर्मचारीहरूलाई प्रदान गर्नु पर्नेछ । यसमा निगमको कुनै उत्तरदायित्व रहने छैन ।

२४. यो करारनामाको व्याख्याबारे कुनै भिन्नता उत्पन्न भएमा समाधानको लागि निगम संचालक समितिको अध्यक्षले कुनै व्यक्ति वा अधिकृतलाई मनोनीत गर्नेछ र सो व्यक्ति वा अधिकृतको निर्णय दुवै पक्षलाई मान्य हुनेछ ।

२५. टैंक ट्रक ढुवानीकर्ताले निगमलाई उपलव्ध गराउनु पर्नेछ । उल्लेखित टैंक ट्रक कारणवश उपलव्ध गराउन नसकेमा यस विनियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि आवश्यक परेमा कुनै वैकल्पिक व्यवस्था गर्नको लागि निगमले अनुमति दिनेछ । ढुवानीकर्ताले वैकल्पिक व्यवस्था गर्न नसकी निगमले वढी मूल्यमा टैंक ट्रक उपलव्ध गरी ढुवानी गरेमा त्यस्तो वढी लागेको खर्च ढुवानीकर्ताले व्यहोर्नेछ ।

२६. पेट्रोलियम पदार्थको गुणस्तर तथा परिमाणको सम्पूर्ण उत्तरदायित्व ढुवानीकर्ता उपर नै रहनेछ । कुनै बेला ढुवानीकर्ता वा उसको सहयोगी वा कामदारहरूलाई ढुवानी गरेको पदार्थको चोरी, मिसावटमा संलग्न रहेको पाइएमा यस विनियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि ढुवानीकर्तासंग भएको सम्झौता निगमले वदर गर्न सक्नेछ ।

२७. ढुवानीकर्ताको विलबाट नेपाल सरकारले तोकेको दरले ठेक्का कर कट्टा गर्नेछ । ठेक्का कर थपघट भएमा सो थपघट भएको मितिदेखि ढुवानी भाडामा पनि सोही बमोजिम ठेक्का कर रकम थपघट गरी कट्टा गरिनेछ ।

२८. ढुवानीकर्ताले टैंक ट्रक बनाउँदा अनुसूची २ मा उल्लेख भएको शर्त अनुसारको उपकरण जडान गराउनु पर्नेछ र टैंक ट्रक निर्माण गर्ने

मुलुकको एक्सप्लोसिभको प्रमाणपत्र लिनु पर्नेछ । साथै अनिवार्य रुपले टैङ्क ट्रक सेतो रंगमा प्रत्येक ३ वर्षमा इपिकोट गराउनु पर्नेछ ।

२९. ढुवानी ठेकेदारले सबै टैंक ट्रक ड्राइभर तथा खलासीको परिचयपत्र निगमबाट प्राप्त गरी आफ्ना कर्मचारीहरूलाई उपलब्ध गराउनु पर्नेछ । यो परिचयपत्र सम्वन्धित कर्मचारीले डिपो पस्नु अघि अनिवार्य रुपमा लगाउनु पर्नेछ । टैंक ट्रकमा कैफियत गरी निगमबाट निष्काशित भएका ड्राइभर र खलासीको परिचयपत्र ढुवानी ठेकेदारले निगममा बुझाउनु पर्नेछ । साथै यसप्रकारले निष्काशित ड्राइभर तथा खलासीलाई अन्य ढुवानी ठेकेदारले राख्न पाउने छैन ।

३०. ढुवानी सम्बन्धी विवाद वा समस्या उत्पन्न भएको अवस्थामा निगमले ढुवानीकर्तासँग मात्र वार्ता गर्नेछ ।

३१. निगमको पेट्रोलियम पदार्थ गुणस्तर नियन्त्रण विनियम, २०६४ मा उल्लेखित ढुवानीकर्ताको उत्तरदायित्व पूरा गर्ने जिम्मेवारी ढुवानीकर्ताको हुनेछ ।

३२. ढुवानीकर्ताले निगमको पेट्रोलियम पदार्थ गुणस्तर नियन्त्रण विनियम, २०६४ अनिवार्य रुपले पालना गर्नु पर्नेछ ।

३३. उल्लेखित शर्त एवं पेट्रोलियम पदार्थ ढुवानी विनियमावली, २०७३ बमोजिम टैंक ट्रक संचालन गर्न निगम र ढुवानी ठेकेदारको मन्जुरी छ ।

३४. करारनामामा उल्लेख नभएका कुराहरूको हकमा पेट्रोलियम पदार्थ ढुवानी विनियमावली, २०७३ मा लेखिए बमोजिम हुनेछ ।

| ढुवानीकर्ताको तर्फबाट | नेपाल आयल निगमको तर्फबाट |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| मिति : | मिति : |

♠फाराम नं. क

नेपाल आयल निगम लिमिटेड

**टैंकट्रक दर्ता/नामसारी फर्म**

**क्रम संख्या :.............**

टैंकट्रक धनीको नाम :-

टैंकट्रक नम्बर :

चेसिस नम्बर :

बनेको साल :

क्षमता (कि.लि):

ठेगाना :-

टैंकट्रकको मोडल :

इन्जिन नम्बर :

ब्लुबुक दर्ता मितिः

सुरू सम्झौता मितिः:

प्रतिस्थापन भए मिति र टैंक ट्रक नं.

टैंकट्रक धनीको पासपोर्ट साइजको फोटो

.........................................................

टैंकट्रक धनीको हस्ताक्षर र छाप

.........................................................................

प्रमाणित गर्ने अधिकारीको हस्ताक्षर र छाप

---

**नामसारी भएको**

नामसारी मिति :

टैंकट्रक धनीको पासपोर्ट साइजको फोटो

नाम :

ठेगाना :

| ............................ | ............................................ |
|---|---|
| टैंकट्रक धनीका हस्ताक्षर र छाप | प्रमाणित गर्ने अधिकारीको हस्ताक्षर र छाप |

**नामसारी भएको**

नामसारी मिति :

टैंकट्रक धनीको पासपोर्ट साइजको फोटो

नाम :

ठेगाना :

| ............................ | ............................................ |
|---|---|
| टैंकट्रक धनीको हस्ताक्षर र छाप | प्रमाणित गर्ने अधिकारीका हस्ताक्षर र छाप |

**यसै सम्झौताको नामसारी फर्मबाट नामसारी गरिनेछ ।**

♠ तेस्रो संशोधनबाट थपिएको ।

अनुसूची-५

(विनियम १३ को उपनविनियम (२) सँग सम्बन्धित)

**करारनामा नवीकरण फर्म**

टैंक ट्रक धनीको नाम :

टैंक ट्रक नम्बर :

सम्झौता मिति :

क्षमता कि.लि./मे.टन :

| क्र.सं. | नवीकरण मिति | म्याद समाप्त हुने मिति | प्रमाणित गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## ♠अनुसूची-६
## (विनियम १० सँग सम्बन्धित)

मिति : _______________

श्री नेपाल आयल निगम लि.
आपूर्ति, वितरण तथा एभिएशन विभाग,
केन्द्रीय कार्यालय, बबरमहल ।

**विषय : करारनामा परिवर्तन गरी पाउँ ।**

उपरोक्त विषयमा पेट्रोलियम पदार्थ ढुवानी कार्यको लागि निगमसंग सम्झौतामा रहेको देहायको विवरण भएको टैंकट्रक मेरो फर्म वा कम्पनीको नाममा नामसारी/प्रोप्राइटरसिप परिवर्तन गरि दिनु हुन आवश्यक कागजात सहितको निवेदन पेश गरेको छु/छौं ।

**आवश्यक कागजात तथा विवरणहरू:**

नामसारी गर्ने व्यक्ती, फर्म वा कम्पनीको विवरण :

१) हाल भैरहेको टैंकट्रक नम्बर तथा क्षमता :-
२) टैंकट्रक संख्या :-
३) टैंकट्रक संचालीत रूट :-
४) नामसारी भई जाने टैंकट्रक नम्बर तथा क्षमता :-
७) चेसिस बनेको वर्ष :-
८) निगमसंग सम्झौता भएको मिति :-
९) निगममा नविकरण भएको मिति :-
१०) बाँकी टैंकट्रकको नम्बर र संख्या :-

नामसारी हुने व्यक्ती, फर्म वा कम्पनीको विवरण :

१) हाल भैरहेको टैंकट्रक नम्बर तथा क्षमता :-
२) टैंकट्रक संख्या :-
३) टैंकट्रक संचालीत रूट :-
४) नामसारी भई आउने टैंकट्रक नम्बर तथा क्षमता :-
५) नामसारी भई आउने टैंकट्रक संचालन गर्ने रूट :-
६) जम्मा टैंकट्रकको नम्बर र संख्या :-
७) नामसारी हुने फर्म वा कम्पनीको एब्ल नम्बर :-
८) नामसारी हुने फर्म नविकरण भएको प्रमाणित प्रतिलिपी ।
९) नामसारी हुने फर्म वा संचालकको प्राणित प्रतिलिपी ।
१०) कर दाखिला वा बुझाएको प्रमाणको प्रमाणित प्रतिलिपी ।
११) नागरिकताको प्रमाणित प्रतिलिपी ।
१२) टैंकट्रकको नक्शाको प्रमाणित प्रतिलिपी ।
१३) वीमा पोलिसीको प्रमाणित प्रतिलिपि ।
१४) नामसारी भई आउने टैंकट्रकको क्यालिब्रेशन चार्टको प्रमाणित प्रतिलिपि ।
१५) ब्लूबुकको प्रमाणित प्रतिलिपि ।
१६) एक्सप्लोसीभ सर्टिफिकेटको प्रमणित प्रतिलिपि (म्याद नाघेको भए नविकरण भएको) ।
१७) टैंकट्रकको अवस्था, ईपिकोट, रंगरोगन तथा फिटिङ्गस ठिक भए नभएको तथा नामसारी सम्बन्धमा निगमको सम्बन्धित कार्यालयको सिफारिस पत्र ।
१८) कबुलियतनामा :
मेरो/हाम्रो नाममा आउनु पूर्वका ढुवानी कर्ताले निगमलाई तिर्नु/बुझाउनु पर्ने बाँकी/बक्यौता रकम म/हामीबाट अशुल उपर गरेमा मेरो/हाम्रो मञ्जुरी छ । साथै वर्तमान नियमावली तथा आगामी दिनमा उक्त नियमावली संसोधन भई बन्ने नियमावलीको शर्तहरूको अधिनमा रही हु-बहु पालना तथा दायित्व पुरा गर्ने छु/छौं। साथै निगमको ढुवानी विनियमावली २०७३ को १४ (२क) वमोजिम वा निगमले तोकेको समयमा टैंक ट्रक प्रतिस्थापन गर्न र निगमको निर्देशानुसार जुनसुकै क्षेत्रमा पेट्रोलियम पदार्थ ढुवानी कार्यमा संचालनको लागी खटाई पठाएमा समेत मेरो/हाम्रो मंजूरी छ भनि यो कबुलियतनामा गरि दिएको छु/छौं। यदी उक्त नियमावलीको बरखिलाफ कार्य गरेमा वा ढुवानी कर्ताको दायित्व पुरा नगरेमा वा यस कबुलियतनामाका शर्तहरू पुरा नगरेमा यसै कबुलियतनामालाई आधार मानि निगमले गरेको कुनैपनि कारवाही तथा निर्णय मान्न मन्जुर रही खुशी राजीसंग यो कबुलियतनामा गरि दिएको छु/छौं ।

**दस्तखत** **दाँया** **बाँया**

माथिका विवरण तथा प्रमाणहरू ठिक साँचो हुन् । झुठ्ठा ठहरे नियमानुसार सहुँला बुझाउँला ।

नामसारी गर्ने व्यक्ती, फर्म वा कम्पनीको प्रोप्राईटर वा साझेदारको :
दस्तखत :-
नाम :-
ठेगाना :-
फोनं. नं. :

नामसारी हुने व्यक्ती, फर्म वा कम्पनीको प्रोप्राईटर वा साझेदारको :
दस्तखत :-
नाम :-
ठेगाना :-
फोनं. नं. :

**नोट :** नामसारी गरी लिने/दिने दुवैको सनाखत गर्नुपर्नेछ ।

♠ तेस्रो संशोधनबाट थपिएको ।

# खाना पकाउने ग्यास (एल.पी. ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी नेपाल आयल निगम लिमिटेडको

# अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुराहरूमा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम लिमिटेड अनुरोध गर्दछ ।

**<u>दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :</u>**

१) सिलिण्डर ल्याउँदा/लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर/घोप्टाएर प्रयोग नगरौं ।
२) रेगुलेटर, पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
३) काम सकेपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।
४) खाना पकाउँदा सधैं झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

**<u>ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :</u>**

१) खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको भन्ने बुझ्नुपर्छ । ग्यास लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौं ।
२) झ्याल ढोका खुल्ला राखौं र झिल्का निस्कने बस्तुहरू जस्तै ग्यास चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौं । विद्युतजन्य उपकरणको प्रयोग नगरौं ।
३) ग्यास लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाइ सिलिण्डरमा सेफ्टी क्याप लगाइ वाहिर खुल्ला स्थानमा राखौं र यथाशिघ्र नजिकको ग्यास विक्रेता अथवा ग्यास उद्योगमा सम्पर्क गरौं ।

*"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"*

उपभोक्ताको जनहितका लागि जारी

**नेपाल आयल निगम लिमिटेड**
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१